# *सुरक्षित र सहयोगी स्कूलहरुको विकास*

## *बफलो पब्लिक स्कुलहरुको सारांश*

# *विद्यार्थीहरु र आमाबुवाहरुको लागि*
# *समुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थनहरु बारे मापदंडहरु*

## *२०१४– २०१५*


डोनाल्ड ए. ओगिलभाई

***स्कूलहरुको अन्तरिम उपरीक्षक***

***डा. विल करेसजतेस***

***बिद्यार्थी सहयोग प्रमुख***


www.buffaloschools.org

### *सुरक्षित र सहयोगी स्कूलहरुको निर्माण*

सकारात्मक सम्बन्धले बालबालिकालाई सिक्न मद्दत गर्छ र बिद्यार्थीहरु सफल हुने सम्भवना बढाउछ र जब उनीहरुलाई आफ्नो स्कूल र समुदायका व्यक्तिहरुसंग संलग्न भएको भान हुन्छ, त्यति बेला बालबालिकाहरुले दुर्व्यवहार/घमण्ड गर्ने सम्भावना कम हुन्छ भनी अनुसन्धानले देखाउछ . बफलो पब्लिक स्कूलहरुले विद्यार्थीहरुसंग सकारात्मक सम्बन्ध राख्न प्रेरित गर्न र विद्यालय सरह वातावारण र संस्कृतिलाई प्रोत्साहित गर्न प्रतिबद्ध छन्, जसले बिद्यार्थीहरुलाई एक सहयोगी वातावारण प्रदान गर्छ, जहाँ बिद्यार्थीहरुको सामाजिक र शैक्षिक स्थितिको विकास हुन्छ .

अप्रिल २४, २०१३ मा बफलो शिक्षा समितिले एक नयाँ आचार संहिता (सामूदाय व्यापी आचरण र हस्तक्षेपको समर्थनहरु बारे मापदण्डहरु २०१३ - २०१४) अपनाई, जुलाई १, २०१३ मा सो मापदण्डलाई लागू गर्यो भनी घोषणा गर्न पाउँदा बफलो पब्लिक स्कूलहरुले गर्व गरेका छन् . हाम्रा स्कूलहरु सुरक्षित र त्यहाँ व्यवस्थित वातावरण होस्, जहाँ शिक्षण र सिक्ने कार्य निरन्तर चलिरहोस् तथा जीवन र समाजमा विद्यार्थीले सफलता पाउन भनेर सहयोग पुगोस् भनी सुनिश्चित गर्न, यी मापदण्डहरुको विकास गरिएको हो .

सेभ (हिंसा ऐन बिरुद्ध सुरक्षित स्कूलहरु) परियोजनको आवस्यकताहरुलाई मध्यनजर गरी, जिल्लाले यस सामूदाय व्यापी आचरण र हस्तक्षेपको समर्थनहरु बारे मापदण्डहरु २०१३ - २०१४ को साधारण भाषामा विद्यार्थीहरु र आमाबुवा/अभिभावकको लागि संक्षिप्त विवरण प्रदान गरेको छ . यस मापदण्डहरुको पूर्ण संस्करणको प्रतिलिपिलाई जिल्लाको वेबसाइटमा पाउन सकिन्छ . मापदण्डहरुको पूर्ण संस्करणको बिशेष शर्तहरुले सम्पूर्ण मुद्दाहरुलाई नियन्त्रण गर्ने छ .

**नोट:** यस दस्तावेज अन्तर्गत हरेक भागले मापदण्डहरुको पूर्ण संस्करणको पृष्टहरुलाई संकेत गर्दछ, जहाँ त्यस भागको बारेमा अतिरिक्त विवरणहरु पाइन्छ .

***साझेदारहरुको रुपमा आमाबुवाहरु*** (पृष्ट १)

स्कूललाई सुरक्षित बनाउनमा बिद्यार्थी, आमाबुवा/अभिभावकहरुको भूमिका हुन्छ र सबले मिलेर यस लक्षलाई प्राप्त गर्ने एक जुट भएर लाग्नुपर्छ . स्कूलको प्रतिनिधिहरुसंग आमाबुवालाई आफ्नो छोरा/छोरीको व्यवहारहो बारेमा कुरा गर्न प्रोत्साहित गरिन्छ र तपाईको बालबालिकालाई स्कूलमा र समुदायमा सफल सक्षम बनाउन मद्दत गर्ने रणनीतिहरुको समर्थन गर्न स्कूलसंग कार्य गर्छ .

***बिद्यार्थीमा सकारात्मक व्यवहारको सम्बर्धन*** (पृष्ट २)

स्कूलहरुले सकारात्मक व्यवहारमा सहयोग प्रदान गर्नको साथसाथै नाकारात्मक व्यवहारहरुलाई रोक्ने प्रयासको क्रममा भावनाहरुको पहिचान र व्यवस्थापन गर्न, अरुको बारेमा सोचको विकास गर्न, सकारात्मक सम्बन्धहरु स्थापना गर्न, जिम्मेवार निर्णयहरु लिन विद्यार्थीहरुमा सीपहरुको विकास गर्न मद्दत गर्न उनीहरुलाई अर्थपूर्ण अवसरहरु प्रदान गर्ने छ .

***रोकथाम र हस्तक्षेप*** (पृष्ट २)

सम्पूर्ण बिद्यार्थीहरुलाई रोकथाम रणनीतिहरु प्रदान गरिएको छ र विद्यार्थीहरुलाई अतिरिक्त सहयोग चाहिएको खण्डमा हस्तक्षेपहरु र सहयोगहरु पनि प्रदान गरिएको छ .

***रोकथाम गर्ने अभ्यासहरु/ हस्तक्षेप गर्ने रणनीतिहरु*** (पृष्ट ७ - १३)

***साकारात्मक व्यवहार प्रणालीहरु***

सम्पूर्ण विद्यार्थीहरुमा व्यवहार सम्बन्धि आवस्यकताहरुलाई सम्बोधन गर्न एक तिन स्तरको प्रणाली तयार गरिएको छ .

**स्तर १ विश्वव्यापी हस्तक्षेपहरु:** विश्वव्यापी हस्तक्षेपहरुले सम्पूर्ण विद्यार्थीहरुको लागि सकारात्मक सामाजिक व्यवहारहरुको विकासमा केन्द्रित गर्दछ . व्यवहार सम्बन्धि अपेक्षाहरु बारे शिक्षा र ती अपेक्षाहरुलाई विद्यार्थीहरुले अनुसरण गरे बापत उनीहरुलाई सम्मान गर्नुपर्छ भनी यसमा समावेश गरिएको छ .

**स्तर २ माध्यमिक हस्तक्षेपहरु:** विद्यार्थीहरु, जसलाई विश्वव्यापी रणनीतिहरु बाहेक अतिरिक्त व्यावहारिक सहयोगको आवश्यकता हुन्छ, उनीहरुलाई माध्यमिक हस्तक्षेपहरुले सहयोग गर्न अभिप्राय राखेको हुन्छ . माध्यमिक हस्तक्षेपहरुले निम्न कुराहरु समावेश गरेको हुन्छ:

आउने-जाने (सि.आई.सि.ओ): हरेक दिन सकारात्मक सम्पर्क प्राप्त गर्नको लागि स्कूल लाग्ने दिनको सुरुमा र अन्त्यमा विद्यार्थीहरु एक उमेर पुगको व्यक्तिसंग आउनु पर्छ र जानुपर्छ .

सामाजिक/शैक्षिक निर्देशात्मक समुहहरु (यस.ए.आई.जी): विद्यार्थीहरुलाई सानो समुहमा स्कूल व्यापी अपेक्षाहरु र/वा प्रतिस्थापन व्यवहारहरुले प्रत्यक्ष निर्देशन मार्फत समर्थन गरिन्छ .

यफ.बि.ए./बि.आइ.पि. बारे संक्षिप्त जानकारी: बालबालिकाहरुको शक्ति र व्यवहार सम्बन्धि आवस्यकताहरुको आधारमा एक विद्यार्थीको लागि एक व्यवहार सम्बन्धि योजना बनाइएको छ .

**स्तर ३ तृतीयक हस्तक्षेपहरु:** विद्यार्थीहरु जसले व्यक्तिगत समर्थनबाट फाइदा लिन सक्छन्, ती विद्यार्थीहरुको लागि तृतीयक हस्तक्षेपहरु परिकल्पना गरिएको हुन्छ . तृतीयक हस्तक्षेपहरु निम्न प्रकारको हुनसक्छन्:

---

जटिल यफ.बि.ए./बि.आई.पि.: बालबालिकाको तागत र व्यवहारिक आवस्यकताको आधारमा एक व्यवाहारिक हस्तक्षेप योजना जसलाई विभिन्न व्यक्तिहरुको एउटा टिमले (जसमा परिवार, समुदाय र बालबालिका पढ्ने स्कूलका व्यक्तिहरु पनि समावेश छन्) विकसित गरेका छन् .

वरीपरी बेर्नु (बेर्नु): विद्यार्थी र उसको परिवारले चयन गरेको एक टिम जसले त्यो युवाको सफलतालाई सहयोग गर्छ . यस टिमका सदस्यहरुले विद्यार्थीको व्यवहारिक आवस्यकतालाई मध्यनजर गरी एक हस्तक्षेपको विकास गर्न र सहयोग योजना बनाउन भेट्ने गर्छन् .

***सम्पूर्ण बिद्यार्थीको लागि प्रतिष्ठा अधिनियम*** (पृष्ट २४)

सम्पूर्ण विद्यार्थीको लागि प्रतिष्ठा अधिनियम (प्रतिष्ठा अधिनियम) ले स्कूलको परिसरमा, स्कूल बसमा, स्कूलको कार्यक्रममा वा स्कूल बाहिर सुरु भई स्कूलमा जारी गरिएको कार्यक्रममा स्कूलका कर्मचारीहरु वा विद्यार्थीहरुबाट व्यक्तिको वास्तविक वा कथित जाति, रंग, तौल, मूल देश, जातीय समूह, धर्म, धार्मिक अभ्यास, असक्षमता, यौन झुकाव, लिंग/लिंग पहिचानको आधारमा कनै पनि विदयार्थी भेदभाव वा दर्व्यवहारको शिकार नबनोस भनी सनिश्चित गर्दछ .

अन्य कुराहरु मध्ये, उत्पीड़न भन्नाले स्कूलको परिसर र बाहिर ईमेल, तत्काल संदेश पठाउने मध्यम, ब्लग, च्याट रुम, मोबाइल फोन, पेज, गेमिंग प्रविधिहरु र सामाजिक मिडिया वेबसाइटहरु जस्ता सूचना प्रविधिको प्रयोगले जानीजानी अरुलाई परेशान वा धम्की दिने कुरालाई बुझिन्छ . यस्तो किसिमको दुर्व्यवहारलाई सामान्यतया “साइबर बदमाशी” भनेर बुझिन्छ .

राज्य र संघीय कानूनको आधारमा सम्पूर्ण विद्यार्थीलाई प्रदान गरिएको अधिकारहरुलाई जिल्ला ती अधिकारहरुलाई सुरक्षित गर्न प्रतिबद्ध छ . त्यसको साथसाथै, एक सुरक्षित, स्वास्थ्य, व्यवस्थित र नागरिक स्कूलको वातावरणलाई प्रोत्साहन पनि गर्दछ, जुन हरेक जिल्लाका विद्यार्थीको अधिकारहरु हुन्

१) स्कूलको वातावरणको अपेक्षा गर्ने जहाँ शिक्षा प्राप्त गर्नको लागि अनुकूलता छ .

४) स्कूल तथा समुदायमा हुनेहरुबाट आदरपुर्वक व्यवहार गरियोस् .

५) जाति, रंग, समुदाय, मूल देश, धर्म, लिंग, यौन झुकाव वा असक्षमतालाई परवाह नगरी (जिल्लाको दुर्व्यवहार विरुद्व नीतिको आधारमा) जिल्लाको सम्पूर्ण कृयाकलापहरुमा समान रुपले भाग लिने .

७) स्कूलको नियमहरु पाउनुपर्छ, र आवस्यक परेको खण्डमा ती नियमहरु बारे स्कूलको कर्मचारीहरुबाट स्पस्टिकरण प्राप्त गर्न पाउने .

९) लगाइएको दण्डको आधारमा अनुशानात्मक दण्ड लागू गर्न, सम्बन्धित घटनाहरु बारे उनीहरुको कथालाई स्कूलको आधिकारिक कर्मचारीलाई प्रस्तुत गर्ने .

***ड्रेस कोडको लागि मापदण्डहरु*** (पृष्ट ३०)

स्कूलमा र स्कूलको कार्यक्रमहरुमा सम्पूर्ण व्यक्तिहरुले आफ्नो व्यक्तिगत सरसफाई र उचित ढंगको पोशाकमा राम्ररी धयान पुर्याउनु पर्छ . स्वीकार्य विद्यार्थीको पोशाक र भेषमा विद्यार्थीहरुले तथा आमाबुवाहरुले प्राथमिक जिम्मेवारी लिनुपर्छ . शिक्षकहरु र सम्पूर्ण जिल्लाका अधिकारीहरुले उदाहरणको रुपमा प्रस्तुत हुनुपर्छ र स्वीकार्य विद्यार्थीको पोशाकलाई निरन्तरता दिनुपर्छ र स्कूलको वातावारणमा यी मापदण्डको आधारमा, विद्यार्थीहरुलाई उचित भेषभुषाको महत्वलाई बुझाउन मद्दत गर्नुपर्छ .

ड्रेस कोडको पालना नगर्ने विद्यार्थीललाई आवस्यक परे अनुसार आपमनजनक वस्तुहरुलाई र/वा व्यवहारिक रुपले हटाई वा छोपेर आफ्नो भेषभुषालाई परिमार्जन गर्नु पर्ने हुन्छ र ती वस्तुहरुलाई उचित वस्तुले बदल्नु पर्ने हुन्छ . कुनै पनि विद्यार्थी जसले सो कुरालाई अस्विकार गर्ने छ, समुदाय व्यापी आचरण र हस्ताक्षेपको समर्थन अन्तर्गत अनुशासनको मुद्दामा पर्नेछ .



***अनुचित तथा विध्वंसकारक व्यवहारहरु: प्रतिक्रियाको तहहरु*** (पृष्ट १४) जब विद्यार्थीहरु विध्वंसकारक वा अनुचित रुपले व्यवहार गर्छन्, स्कूलको कर्मचारी तथा प्रधानाध्यापकहरुले आफ्नो तार्किक प्रतिक्रिया उचित र दृढताको साथ दिनुपर्छ . २०१३-२०१४ को बफलो पुब्लिक स्कूलहरुको समुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थनहरुले अनुचित र विध्वंसकारक व्यवहारको लागि चार सम्भव प्रतिक्रियाको तहहरु बारे वर्णन गर्दछ . हरेक अनुचित वा विध्वंसकारक व्यवहारलाई यी हस्तक्षेप र प्रतिक्रियाको एक वा सो भन्दा बढी तहहरु मार्फत व्यवस्थित गरिने छ . प्रधानाध्यापकहरु र स्कूलका कर्मचारीले हरेक व्यवहारको लागि पाएको सुझाव अनुरुप मात्र तहहरुको प्रयोग गर्नुपर्छ .

यदि अनुचित वा विध्वंसकारक व्यवहारलाई व्यवस्थित गर्नको लागि दुई वा सो भन्दा बढी तहहरुको प्रयोग गर्न निर्धारित गरिएको खण्डमा जहाँ सम्भव हुन्छ त्यहाँ सबै भन्दा तल्लो तहको हस्तक्षेप र अनुशासनात्मक प्रतिक्रिया को प्रयोग पहिले हुनुपर्छ .

***हस्तक्षेपहरु र प्रतिक्रियाहरुको तहहरु*** (पृष्ट १५)

***तह १: कक्षा र यस.यस.टी. हस्तक्षेपहरु र प्रतिक्रियाहरु***

विद्यार्थीहरुले उचित शिक्षा प्राप्त गरुन र उनिहरुलाई सही र बैकल्पिक व्यवहार सम्बन्धि शिक्षा प्रदान गर्नको लागि लक्षित गरिएको छ .

विद्यार्थी पुर्व घटनाहरुमा संलग्न छैन र हस्तक्षेपहरु कार्यान्वयन गरिएको छैन भने उपयुक्त हुन सक्छ .

***तह २: प्रशासनिक हस्तक्षेपहरु र प्रतिक्रियाहरु***

विद्यार्थीलाई स्कूलमा राखी व्यवहारको गम्भीरतालाई जोड दिई स्कूलको प्रशासनलाई संलग्न गराउन सकिन्छ र व्यवहारलाई सुधार्न लक्ष्य राख्न सकिन्छ .

व्यवहारलाई व्यवस्थापन गर्न जब सहयोगहरु कक्षामा उपस्थित छन् तर व्यवहारले निरन्तर विद्यार्थी र अन्यको शिक्षामा नकारात्मक रुपले असर गर्छ, तब यो उचित हुन्छ .

जब हस्तक्षेपहरु र सहयोगहरु उपस्थित छन्, तर व्यवहार बढ्दै गैरहेको छ (अपराध दोहोर्याइरहने), तब उचित हुन्छ .

***तह ३: निलम्बन र रिफरल प्रतिक्रियाहरु***

व्यवहारको गम्भीरताको कारणले विद्यार्थीलाई स्कूलबाट अल्पकालीन रुपले निलम्बन गर्न सकिन्छ .

***स्तर ४: दीर्घकालिन निलम्बन र रिफरल प्रतिक्रियाहरु***

व्यवहारको गम्भीरताको कारण विद्यार्थीलाई स्कूलबाट निलम्बन गर्न अन्तर्गत पर्दछ .

व्यवहारलाई व्यवस्थित गर्न विद्यार्थीलाई सुरक्षित वातावरणमा राख्नु पर्दछ, जसले अतिरिक्त संरचना प्रदान गर्दछ .

आत्मघाती र खतरनाक व्यवहारलाई अन्त्य गर्न र स्कूल-समुदायको सुरक्षाको अनुगमनमा केन्द्रित हुन्छ .

- जब विद्यार्थीको व्यवहारले स्कूलमा अरुको सुरक्षामा गम्भीर तरिकाले असर गर्छ भने उचित हुन्छ .

***एक अशक्त विद्यार्थीहरूको लागि कारण प्रक्रिया*** (पृष्ट ३९-४० र अनुसूची च)

अशक्त विद्यार्थीहरुको विध्वंसकारक वा अनुचित व्यवहारलाई सुधार गर्न उनीहरुलाई निलम्बन, निकाल्न वा अनुशासित बनाउन आवस्यक हुन सक्छ . जब स्कूलको अधिकारीहरुले अशक्त विद्यार्थीहरु माथि अनुशासनात्मक कारवाही लागू गर्न खोज्छ, उनीहरुलाई प्रक्रियात्मक सुरक्षाले बचाउछ . लागू हुने कानूनहरु र नियमहरुले आवस्यक हुने प्रक्रियात्मक सुरक्षामा यी प्रक्रियाहरु आधारित हुन्छन् .

## *अनुचित र विध्वंसकारक व्यवहार र प्रतिक्रियाको तहहरु*

**(पूर्ण सूचीको लागि पृष्ट १६ देखि २३ मा हेर्नुहोस)**

| | *तह १* | *तह २* | *तह ३* | *तह ४* | *प्रहरीलाई सुम्पिन आवश्यक देखिन्छ* |
|---|---|---|---|---|---|
| **विद्यार्थी माथि हमला** (उदाहरण: बिना चेतावनी वा कसैले न गिज्याई अन्य विद्यार्थीलाई हिर्काउनु, लात हान्नु, वा हाथले हान्नु) | | | | | |
| चोटपटक नलागेको (नदेखिने, शारीरिक चोटपटकहरु नभएको ...) | | • | | | |
| प्रि के.जी. देखि कक्षा ४ सम्मलाई शारीरिक चोट | | • | • | • | |
| कक्षा ५ देखि १२ सम्मलाई शारीरिक चोट | | | • | • | • |
| **साइबर-दुर्व्यवहार र गिरोह सम्बन्धित घटनाहरु समावेश भएको बदमाशी** | | | | | |
| सुनियोजित आचरण (मौखिक, शारीरिक वा लिखित) वा विधुतीय संचार, जसले स्कूललाई व्यवस्थित रुपले संचालन गर्ने कामलाई जोखिममा पर्छ वा गम्भीर तरिकाले भयभित गर्छ र एकदमै छिन्न-भिन्न पार्छ | • | • | | | |
| गम्भीर बदमाशी (उदाहरणको लागि मापदण्डमा हार्नुहोस) | | • | • | • | • |
| **कक्षा संचालनमा बाधा पुर्याउने** | | | | | |
| कक्षामा बोल्ने वा आफ्नो पालो नआई बोल्ने, समानहरु फाल्ने, अरुलाई जिस्क्याउने, अरु विद्यार्थीहरुलाई बाधा पुर्याउने; र अन्य व्यवहार जसले विद्यार्थीलाई सिक्नबाट आवरोध गर्ने | • | • | | | |
| **अधिकारीवर्गलाई चुनौती दिने र/वा बिद्रोह गर्ने** (गैर-हिंसा/गैर शारीरिक) | | | | | |
| निर्देशनहरूको पालना गर्न असफल | • | • | | | |
| स्कूलको कर्मचारीको प्रश्नहरु वा अनुरोधहरुको प्रतिक्रिया दिन असफल | • | • | | | |
| निर्देशनको पालना गर्न असफल, जसले आफुलाई वा अन्य व्यक्तिलाई सम्भावित खतरा वा हानि तर्फ डोर्याउछ | • | • | • | | |
| पालना गर्न असक्षम जसले आफुलाई वा अन्यहरुलाई सिधा रुपले हानि पुर्याउछ | • | • | • | | |
| **असभ्य व्यवहार** | | | | | |
| अनुचित हाउभाउ, लक्षणहरु, टिप्पणीहरु देखाउने वा फोहोर वा आक्रमक भाषाको प्रयोग गर्ने | • | • | | | |
| मौखिक अपमानहरु, निर्देशनको प्रयोग गर्ने, वा अरुलाई आफू भन्दा तल राख्ने, वा झुटो बोल्ने, झुक्याउने वा स्कूलको कर्मचारीलाई गलत जानकारी दिने | • | • | • | | |
| मौखिक अपमानको प्रयोग गर्ने वा अरुलाई आफू भन्दा तल राख्ने वा झुटो बोल्ने, झुक्याउने, गलत जानकारी स्कूलको कर्मचारीलाई दिने, जसले अरु व्यक्तिलाई भावनात्मक वा शारीरिक हानि गराउछ | • ... | | • | • | • |
| **लागू पदार्थ वा नियन्त्रित पदार्थ** (स्कूलमा, स्कुलद्वारा प्रायोजित क्रियाकलापहरुमे वा जब सुरक्षालाई वा स्कूलको समुदायको कल्याणलाई प्रभावित गर्ने घटनाहरुमा संलग्न भएको) | | | | | |
| प्रभावमा | | • | • | • | • |
| प्रयोग गरेको वा साथमा राखेको | | | • | • | • |
| वितरण वा बिक्री | | | | • | • |



## *विद्यार्थीको अधिकारहरु र जिम्मेवारीहरु* (पेज २५)

**बिद्यार्थीहरुको अधिकार**

* कानूनी आमाबुवा वा कानूनी अभिभावक बसोबाँस गर्ने जिल्लामा अवस्थित रहेको स्कुलमा पढ्न जाने र कानूनले व्यवस्था गरे अनुरुप ५ देखि २१ वर्ष उमेर भएकाले नि:शुल्क सार्वजानिक शिक्षा पाउने .

* शिक्षा हाँसिल गर्न र अन्य विद्यार्थीहरुले तथा स्कूलका कर्मचारीले उनीहरुलाई विनयपूर्वक, न्यायपुर्वक र आदरपूर्वक व्यवहार गर्न पर्छ भनी सम्पूर्ण विद्यार्थीले स्कूल सुरक्षित, व्यवस्थित र उद्देश्यपूर्ण ठाउँ हुनुपर्छ भनी अपेक्षा गर्नु .

* गम्भीर व्यक्तिगत समस्याहरुले ग्रसित विद्यार्थीहरुलाई प्रत्यक्ष सहयोग प्रदान गर्न सक्ने क्षमता भएको व्यक्तिहरु वा संस्थाहरु सम्मको पहुँच हुनुपर्छ .

* वास्तविक वा कथित जाति, रंग, तौल, उत्पत्ति भएको राष्ट्र, जातीय समूह, धर्म, धार्मिक अभ्यास, लिंग/यौन, लैंगिक पहिचान, यौन झुकाव वा असक्षमताको आधारमा स्कुलको परिसरमा वा स्कूलले प्रायोजित कार्यक्रमहरुमा कर्मकारीहरु वा विद्यार्थीहरुले गर्ने त्रास, उत्पीडन वा भेदभावबाट बच्नु .

**बिद्यार्थीहरुको जेम्मेवारी :** * प्रत्येक दिन, निरन्तर र समयमा स्कूल जाने, गृहकार्यहरु गर्ने, उच्च स्तरको कार्य गर्न सम्भंवाना राख्ने, सिक्न सधै तयार रहने .

*सम्पूर्ण शैक्षिक र पाठ्यक्रम बाहिरका कार्यक्रमहरुमा आफ्नो क्षमताको आधारमा सर्वोत्तम कार्य गर्ने र साथसाथै अन्यहरुको लागि निष्पक्ष हुने र सहायक बन्ने .

*अन्यहरुको अधिकार र सुविधाहरुलाई निन्दा, आपमन वा प्रतिबंधित नगरी अदारपूर्ण तरिकाले आफ्नो रायहरु र विचारहरु व्यक्त गर्नु .

*प्रतिष्ठा अधिनियमको प्रावधानहरु र समुदाय व्यापी आचरण र हस्तक्षेपहरुको समर्थनहरुको मापदण्डहरु अन्तरगत एक अर्कालाई आदर गर्ने र अन्यहरुलाई समान रुपले व्यवहार गर्ने . त्रास, उत्पीडन वा भेदभाव रहित वातावारणलाई प्रोत्साहन गर्न विद्यार्थीहरुले त्यस किसिमको व्यवहार र आचरणको प्रदर्शन गर्ने . कुनै किसिमको त्रास, उत्पीडन वा भेदभावका घटनाहरुलाई रिपोर्ट गर्ने र अन्यहरुलाई पनि रिपोर्ट गर्न प्रोत्साहित गर्ने .

## *वहनीय विद्युतीय उपकरणहरुको लागि मापदण्डहरु* (पृष्ट ३१)

* स्कूलमा प्रवेश गरे पश्चात समुपूर्ण मोबाइल फोनहरुलाई विद्यार्थीको लकरमा राख्नु पर्ने हुन्छ . ती मोबाइल फोनहरु स्विच अफ वा परिचानल नहुने गरी राख्नु पर्दछ .

* स्कूलको परिसर र स्कुलको बसमा विद्यार्थीहरुले मोबाइल फोन बोक्न वा प्रयोग गर्न पाउने छैन्न् .

* स्कूलको परिसरमा कुनै पनि विद्यार्थीले मोबाइल फोन बोकेको वा चलाएको खण्डमा, सो उपकरणलाई जिल्ला स्कूलका प्रशासनिक वा सुरक्षा कर्मचारीले जफत गर्न सक्नेछ .

*जब एक विद्यार्थीबाट एउटा मोबाइल फोन जफात गरिन्छ, कर्मचारीले सो विद्यार्थीको आमाबुवाहरु/अभिभावकहरु तुरुन्तै जानकारी गराउदछ, ताकि सो विद्यार्थीको लागि अन्य व्यवस्थाहरु (संचारका मध्यम) मिलाउन सकिन्छ . समुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थनहरुको मापदण्डहरु अन्तर्गत जफत गर्ने प्रावधानहरुको आधारमा कर्मचारीले आमाबुवाहरु/अभिभावकहरुलाई तुरुन्त खबर गर्नेछन् भनेर अनुमान गर्दछ .

**कक्षामा मोबाइल फोनको उचित प्रयोग गर्न जिल्लाले स्वीकृति दिन सक्छ, जब ती फोनहरु केवल शैक्षिक प्रयोजनहरुको लागि र जब कक्षाको शिक्षकले स्वीकृति दिए पछि मात्रै प्रयोग गर्न पाइन्छ .**

*एक संचारको विद्युतीय उपकरण वा विद्युतीय गेम खेल्ने उपकरण ल्याउने निर्णय विद्यार्थी र/वा आमाबुवाहरु/अभिभावकहरुको निर्णय हुनेछ . स्कूल परिसरमा यस्ता उपकरणहरुको क्षति, विनाश, चोरी वा हानि भएको खण्डमा जिल्लाले कुनै किसिमको जिम्मेवारी लिने छैन भनी विद्यार्थी, आमाबुवाहरु/अभिभावकहरुलाई सूचना प्रदान गरिएको हुन्छ . जब यस्ता उपकरणहारु स्कूलमा ल्याउने निर्णय लिइन्छ, विद्यार्थी र आमाबुवाहरु/अभिभावकहरुले सम्भावित क्षति, विनाश, चोरी वा हानि जस्ता जोखिमको जिम्मेवारी लिनुपर्छ .

*यदि विद्युतीय तथ्यहरु स्थानान्तरण (वायरलेस संचारका उपकरणहरु) माध्यमबाट वा (सामान्यतया टेक्स्टिंग, ईमेल, इत्यादि मार्फत) अशलिल, अशिष्ट, वा अवैध तस्विरहर वा फोटोहरु लिने, सम्प्रेषण गने, हस्तांतरण गर्ने वा बाड्ने काम राज्य र / या संघीय कानून अन्तर्गत एक अपराधको रुपमा लिइनेछ .

***विद्यार्थीलाई निलम्बन गर्ने प्रक्रियाहरु*** (पृष्ट ३२)

स्कूलबाट निलम्बन गर्ने कार्य एक महत्वपूर्ण दण्ड, स्कूल बाहिर आचरणहरु (स्कूलमा होइन वा स्कूलको अधिकारीको वा कुनै कर्मचारी वा जिल्ला परिषदको सदस्यको रेखदेखमा नहुँदा) संलग्न भएको विद्यार्थी, जसले शिक्षा प्रक्रिया वा स्वास्थ्यलाई जोखिममा राख्दछ, विद्यार्थीहरुको सुरक्षा वा नैतिकतामा असर पुर्याउछ वा आफैलाई वा स्कूलको सम्पत्तिलाई हानि पुर्याउने सम्भंवना भएको देखिन्छ, त्यस्ता विद्यार्थीहरु माथि लागु गर्न सकिन्छ . जिल्लाको समुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थनहरु बारे मापदण्डहरुलाई विद्यार्थीहरुले उल्लङ्घन गरेको भेटीएमा, सो विद्यार्थीले तल उल्लेखित निम्न दण्डहरु मध्ये एक वा अन्य अरु दण्डहरु पाउने छन् . हरेक दण्डको पछि स्कूलको कर्मचारीलाई पहिचान गरिन्छ र त्यो कर्मचारीले विद्यार्थीको कारण प्रक्रिया अधिकारहरुलाई ध्यानमा राखी सो दण्डलाई लागू गर्नुपर्छ .

## *विद्यार्थीलाई बहिष्कार गर्ने प्रक्रियाहरु*

(पृष्ट ५० र अनुसूची क, ख, ग, घ, ङ)

| | आमाबुवालाई सूचना | लिखित रुपले आमाबुवालाई सूचना | अनौपचारिक सम्मेलन | प्रबंधकको कार्यालयलाई निवेदन | NYS शैक्षिक कानून ३२१४को सुन्वाही | शिक्षा समितिलाई निवेदन |
|---|---|---|---|---|---|---|
| **नज़रबंद** | X | X | | | | |
| **यतायातबाट निलम्बन** | X | X | X | | | |
| **खेलकुदमा सहभागिताबाट निलम्बन** | X | X | X | | | |
| **स्कूलमा निलम्बन** | X | X | X | | | |
| **शिक्षक निष्कासन** | X | X | X | | | |
| **अल्पकालीन निलम्बन** | X | X | X | | | X |
| **दीर्घकालीन निलम्बन** | X | X | X | X | X | X |
| **स्थाई रुपले निलम्बन** | X | X | X | X | X | X |

***धातुलाई फेला पार्न अनियमित जाँच गर्ने छडी*** (पृष्ट ४४)

धातु फेला पार्न गरिने जाँचहरु कुनै व्यक्तिसंग भएका हात-हतियारहरु पता लगाउन र सो समस्यालाई निवारण गर्न तथा त्यसको परिणामहरुलाई रोकथाम गर्न आवस्यक हुन्छ . एक तालिम प्राप्त गरेको कर्मचारीको सहयोगले कुनै पनि अनियमित दिनमा तोकिएको अवधिमा उपरीक्षक वा आयोजक वा स्कूलका अन्य अधिकारीहरुले त्यस्ता धातुलाई पता लगाउन जाँचको निर्देशन दिन सक्नेछन् . चुनिएको दिनमा विशेष मुद्दाहरुलाई आवस्यक परे अनुरुप वा विशेष कार्यक्रमहरु आयोजना भएको दिनमा उपरीक्षक वा आयोजक वा अन्य स्कूलका अधिकारीहरुले पनि धातुलाई पता लगाउन जाँचको निर्देशन दिन सक्नेछन् .



***आमाबुवा/अभिभावकको अधिकारहरु र जिम्मेवारीहरु*** (पृष्ट २६)

आमाबुवाहरुको अधिकारहरु र जिम्मेवारीहरु *सामुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थन बारे मापदण्ड २०१३ - २०१४* मा पाउन सकिन्छ . (अतिरिक्त जानकारी तल हेर्नुहोस्)

***स्कूलमा आउने आगन्तुकहरुको लागि*** (पृष्ट ४५)

विद्यार्थीहरुलाई र स्कूलका कर्मचारीहरुलाई लागु हुने नियमहरु स्कूलमा आउने आमाबुवाहरु/अभिभावकहरु र आगन्तुकहरुलाई पनि सो नियमहरु लागु हुने छ . सम्पूर्ण आगन्तुकहरुको स्कूलमा आगमन पश्चात उनीहरुले मुख्य कार्यालयमा खबर गर्नु पर्नेछ, आगन्तुक पुस्तकमा आफ्नो हस्ताक्षर र आफ्नो जानकारी दिनुपर्छ र आफ्नो परिचय दिने ब्याज लगाउनु पर्ने हुन्छ . यदि खेलकुद प्रतियोगिता वा सार्वजानिक बैठकहरु जस्ता कार्यक्रम सर्वसाधारणको खुला छ भने, यो नियम लागु नहुन सक्छ . स्कूल लागेको दिनमा कक्षा भ्रमणको लागि सो कक्षाको शिक्षकसंग सो भ्रमण बारे अग्रिममा व्यवस्था मिलाउनु पर्नेछ .

## ***अतिरिक्त जानकारी***

*बफलो पब्लिक स्कूलहरुको सामुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थन बारे मापदण्ड २०१३ - २०१४ को प्रतिलिपिलाई हरेक स्कूलको भवनमा राखिएको छ र जिल्लाको वेबसाइट* **www.buffaloschools.org** *मा पनि उपलब्ध छ .*

## ***प्रश्नहरु***

*सामुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थन बारे मापदण्ड २०१३ - २०१४ बारे प्रश्नहरु भएमा भवनको प्रिन्सिपललाई वा विद्यार्थी सहयोग सेवा कार्यालयको टेलिफोन ८१६-३५४७ मा सम्पर्क गर्न सकिन्छ .*

## ***सहयोग सेवाहरुको ठेगाना पुस्तक***

बफलो शिक्षा समितिको कार्यालयमा सम्पर्कको लागि सम्पर्क गर्ने व्यक्तिहरुको फोन नम्बरहरु र इमेलहरु *सामुदाय ब्यापी आचरण र हस्तक्षेपको समर्थन बारे मापदण्ड २०१३ - २०१४* को पृष्ट ( i ) मा हेर्नुहोस् वा जिल्लाको वेबसाइटमा हेर्नुहोस् .

## ***मानव स्रोतसाधनहरु – गैर भेदभाव बारे सूचना***

बफलो पुब्लिक स्कूल जिल्लाले व्यक्तिको वास्तविक वा कथित जाति, रङ, धर्म, सम्प्रदाय, धार्मिक अभ्यास, मूल देश, जातीय समूह, लिंग (यौन उत्पीड़न और यौन हिंसा सहित), लिंग पहिचान, यौन झुकाव ("यौन झुकाव" शब्दले विषमलैंगिकता, समलैङ्गिकता, उभयलिंगी वा अलैंगिकतालाई जनाउदछ), राजनीतिक मान्यता, उमेर, वैवाहिक स्थिति, सैन्य स्थिति, सेवानिवृत्तिको स्थिति, अपाङ्गता, वजन, घरेलु हिंसा पीडित अवस्था, जेलमा परेको वा मुद्दामा परेको, आनुवंशिक जानकारी वा अन्य कुनै पनि अन्य आधार न्यूयोर्क राज्य निषेध गरेको र/वा यसको कार्यक्रमहरु गतिबिधिहरुमा संघीय गैर-भेदभावका नियमहरूलाई आधार मानेर भेदभाव गर्दैन र केटा स्काउट र अन्य नामांकित युवा समुहहरुलाई बराबर पहुँचको अवसर प्रदान गर्दछ . जिल्लाको गैर-भेदभाव नीतिको सन्दर्भमा सोधपुछको लागि HRcompliance@buffaloschools.org निर्देशित हुनुपर्छ .

ब्रायन टि. लोरेनत्ज़, सहायक निर्देशक, मानव स्रोतसाधन

७१९ सिटि हल
बफलो, न्यू योर्क १४२०२
(७१६) ८१६-३५७९

**बफलो पब्लिक स्कूलहरुको लागि समुदाय व्यापी आचरण र हस्तक्षेपको समर्थनहरु बारे मापदण्डहरु २०१३-२०१४ स्कूलको परिसरमा भएका वा मापदण्डहरुको बिशेष प्रावधानले निश्चित व्यक्तिहरुको समुह उपयुक्त हुन्छ भनी संकेत गर्दछ, त्यस बाहेक स्कूलको कार्यक्रममा सहभागी हुने सम्पूर्ण व्यक्तिहरुलाई लागु हुनेछ . यस विवरणले विद्यार्थीहरु र आमाबुवाहरुलाई लागू हुने नियमहरुमा केन्द्रित गर्दछ . मापदण्डहरुमा निर्धारित नियमहरुले जिल्लाका विद्यार्थीहरु, कर्मचारीहरु र आगन्तुकहरु को आचरण तथा कार्यलाई मात्रै संचालन गर्दैन; उपयुक्त प्रतिक्रियात्मक कार्य निर्धारण गर्न मापदण्डहरु संगसंगै उपयुक्त स्थितिहरुमा स्कूल परिसरहरुको आचरणको आधारमा जिल्लाको अधिकारलाई सिमित गर्दैन, र सिमित गर्ने लक्षित पनि गर्दैन**